# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - २३

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल जेठ २९ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा बिहान ११:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै नेपाली काँग्रेस र राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री प्रकाशमान सिंहलाई समय दिनुहुँदा उहाँले सरकारले गुठीलाई गलत तरिकाले नियन्त्रण गर्नको लागि विधेयक ल्याएको, सम्बन्धित पक्ष र सरोकारवालाहरुसँग छलफल नै नगरी विधेयक ल्याइएको, धार्मिक परम्परालाई निरन्तरता दिइरहेको निजी गुठीलाई यसरी प्राधिकरणमा लैजाँदा धर्म, परम्परा, सँस्कृति लगायतका विषयहरु मासिने भएकोले उक्त गुठी सम्बन्धी विधेयक तत्काल फिर्ता गर्न सरकारको ध्यानाकर्षण गराउँछु भन्नुभयो ।

तदुपरान्त मा० श्री अनिल कुमार झाले लोक सेवा आयोगले संविधान र समावेशी सिद्धान्तको विपरित कर्मचारी माग गरेको र संसदीय समितिबाट भएको निर्देशन बमोजिम सरकारले उक्त विज्ञापन तत्काल फिर्ता लिनुपर्ने, धर्म सँस्कृतिको जगेर्ना गर्ने गुठीमाथि संविधानको भावना विपरित प्रहार भएको, सभामा सार्वजनिक गर्न रुलिङ्ग भैसकेको गिरिशचन्द्र लाल आयोगको प्रतिवेदन नेपाल सरकारले सार्वजनिक नगरेमा सो विरुद्ध कदम उठाउन राष्ट्रिय जनता पार्टी नेपाल बाध्य हुनेछ भन्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यू स्वीजरल्याण्डको जेनेभामा आयोजनामा हुने अन्तराष्ट्रिय श्रम संगठन **(ILO)** को शतबार्षिकी समारोहमा सहभागिता तथा संयुक्त अधिराज्य र गणतन्त्र फ्रान्सको भ्रमणको सिलसिलामा सम्वत् २०७६ साल जेठ २५ गते शनिवार त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले प्रधानमन्त्रीको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्ने दैनिक प्रशासनिक कार्य नेपालको संविधान बमोजिम प्रधानमन्त्रीको सिफारिशमा माननीय उप प्रधानमन्त्री एवं रक्षा मन्त्री श्री ईश्वर पोखरेलज्यूले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु ।
>
> मितिः २०७६।२।२४

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री टेकबहादुर बस्नेत
२. मा० श्री डिला सँग्रौला (पंत)
३. मा० श्री दलबहादुर राना
४. मा० श्री दिल कुमारी
५. मा० श्री दिव्यमणि राजभण्डारी
६. मा० श्री दुर्गबहादुर रावत
७. मा० श्री दुर्गा पौडेल
८. मा० श्री देवप्रसाद गुरुङ्ग
९. मा० श्री देवप्रसाद तिमलसेना
१०. मा० श्री नवराज रावत
११. मा० श्री नारायणप्रसाद खतिवडा
१२. मा० श्री निरु देवी पाल
१३. मा० श्री पद्म नारायण चौधरी
१४. मा० श्री पार्वता डि.सी. (चौधरी)
१५. मा० श्री पार्वती कुमारी विशुन्के
१६. मा० श्री पुष्पा भुसाल (गौतम)
१७. मा० श्री प्रदिप यादव
१८. मा० श्री प्रमिला राई
१९. मा० श्री बालकृष्ण खांण

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध समसामयिक विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री अञ्जना विसंखे
२. मा० श्री देवेन्द्र राज कंडेल
३. मा० श्री प्रमोद साह
४. मा० श्री प्रेम सुवाल

| | | | |
|---|---|---|---|
| ५. | मा० श्री सरिता कुमारी गिरी | ८. | मा० श्री झपटबहादुर रावल |
| ६. | मा० श्री मिन बहादुर विश्वकर्म | ९. | मा० श्री महेश बस्नेत |
| ७. | मा० श्री लक्ष्मी कुमारी चौधरी | | |

त्यसपछि सम्माननीय सभामुखले मा० सदस्यहरुले हात उठाएर तथा शून्य र विशेष समयमा उठाउनु भएका महत्वपूर्ण विषयहरुका सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउँछु भन्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७६ को विभिन्न शीर्षकहरुमाथिको छलफल अन्तर्गत वन तथा वातावरण मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र कृषि तथा पशुपंक्षी विकास सम्बन्धी विनियोजन शिर्षकहरुमाथि समुहीकृत रुपमा छलफल प्रारम्भ हुने जानकारी गराउनु हुँदै उल्लिखित मन्त्रालयहरु सम्बन्धी विनियोजन शिर्षकहरुमाथि पाँच जना मा० सदस्यहरुबाट प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १४३ को उपनियम (१) को खण्ड (ख) र (ग) बमोजिम खर्च कटौतीको प्रस्तावहरु प्राप्त हुन आएको व्यहोरा समेत जानकारी गराउनु भयो ।

त्यसपछि खर्च कटौती प्रस्तावका निम्नलिखित प्रस्तावकहरुले आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै आजको लागि निर्धारित विनियोजन शीर्षकहरुमाथिको छलफलमा समेत भाग लिनुभयो :-

| | | | |
|---|---|---|---|
| १. | मा० श्री राजेन्द्र कुमार के.सी. | ४. | मा० श्री मिनबहादुर विश्वकर्म |
| २. | मा० श्री प्रेम सुवाल | ५. | मा० श्री उमा रेग्मी |
| ३. | मा० श्री दुर्गा पौडेल | | |

तदुपरान्त उल्लिखित मन्त्रालयहरु सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

| | | | |
|---|---|---|---|
| १. | मा० श्री खगराज अधिकारी | २०. | मा० श्री विमला वि.क |
| २. | मा० श्री पुष्पा भुसाल (गौतम) | २१. | मा० श्री सञ्जय कुमार गौतम |
| ३. | मा० श्री एकवाल मियाँ | २२. | मा० श्री राजेन्द्र कुमार राई |
| ४. | मा० श्री उमाशंकर अरगरिया | २३. | मा० श्री हिरा गुरुङ |
| ५. | मा० श्री राजेन्द्र प्रसाद गौतम | २४. | मा० श्री लक्ष्मी कुमारी चौधरी |
| ६. | मा० श्री उमेश श्रेष्ठ | २५. | मा० श्री ज्ञानकुमारी छन्त्याल |
| ७. | मा० श्री गंगा चौधरी (सत्गौवा) | २६. | मा० श्री सुजाता परियार |
| ८. | मा० श्री लक्ष्मी परियार | २७. | मा० श्री प्रेम प्रसाद तुलाचन |
| ९. | मा० श्री चन्द्रकान्त चौधरी | २८. | मा० श्री रामबहादुर बिष्ट |
| १०. | मा० श्री प्रदिप यादव | २९. | मा० श्री हित बहादुर तामाङ |
| ११. | मा० श्री गोपाल बहादुर बम | ३०. | मा० श्री वृजेश कुमार गुप्त |
| १२. | मा० श्री पार्वता डि.सी चौधरी | ३१. | मा० श्री मीना सुब्बा |
| १३. | मा० श्री मेटमणी चौधरी | ३२. | मा० श्री गजेन्द्र बहादुर महत |
| १४. | मा० श्री सितादेवी यादव | ३३. | मा० श्री रंगमती शाही |
| १५. | मा० श्री सरिता कुमारी गिरी | ३४. | मा० श्री कृष्ण प्रसाद दाहाल |
| १६. | मा० श्री मिना पाण्डे | ३५. | मा० श्री देव प्रसाद तिमलसेना |
| १७. | मा० श्री डिला संग्रौला (पंत) | ३६. | मा० श्री पद्म नारायण चौधरी |
| १८. | मा० श्री विमला विश्वकर्मा | ३७. | मा० श्री हेमकुमार राई |
| १९. | मा० श्री भरत कुमार शाह | ३८. | मा० श्री महेश्वर जंग गहतराज (अथक) |

तत्पश्चात सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७६ अन्तर्गत वन तथा वातावरण मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र कृषि तथा पशुपंक्षी विकास सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा मा० सदस्यहरुले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै विनियोजन विधेयक, २०७६ अन्तर्गत खानेपानी मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको समूहीकृत छलफल मिति २०७६ जेठ ३० गतेको बैठकमा हुने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०७६ साल जेठ ३० गते बिहीबार बिहान ११:०० बजे बस्नेगरी दिनको ५:०५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव